नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

आज मिति २०८१/०४/०४ गते शुक्रबार जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री नारायण सापकोटाज्यूको अध्यक्षता एवं स्थानीय तहका प्रमुख/उपप्रमुख, सरोकारवाला निकाय लगायत देहायका बमोजिमको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

## उपस्थिति:

| सि.नं | पद | कार्यालय | नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | श्री नारायण प्रसाद सापकोटा | |
| २. | प्रमुख | जिल्ला समन्वय समिति | श्री दुर्गा दत्त बोहरा | |
| ३. | नगरप्रमुख | भीमदत्त नगरपालिका | ~~श्री पदम बोगटी~~ का.वा. केशव सिंह बिष्ट | |
| ४. | नगर~~प्रमुख~~ प्रवक्ता | बेदकोट नगरपालिका | श्री ~~भोजराज बोहरा~~ चित्रदेव [illegible] | |
| ५. | नगरप्रमुख | पुनर्वास नगरपालिका | श्री तोयाप्रसाद शर्मा | |
| ६. | नगरप्रमुख | दोधारा चाँदनी नगरपालिका | श्री किशोर कुमार लिम्बु | |
| ७. | नगरप्रमुख | शुक्लाफाँटा नगरपालिका | ~~श्री रण बहादुर महरा~~ कल्पना (क. ओझा) | |
| ८. | नगर उपप्रमुख | कृष्णपुर नगरपालिका | श्री द्रोपती राना | |
| ९. | अध्यक्ष | बेलडाँडी गाउँपालिका | श्री हरिश चन्द्र राना | |
| १०. | अध्यक्ष | लालझाडी गाउँपालिका | श्री निर्मल राना | |
| ११. | नगर उप-प्रमुख | पुनर्वास नगरपालिका | श्री भुलिया कुमारी राना | |
| १२. | नगर उप-प्रमुख | बेलौरी नगरपालिका | श्री जोगराम चौधरी | |
| १३. | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय कञ्चनपुर | श्री चक्रराज जोशी | |
| १४. | स.प्र.उपरीक्षक | स.प्र.ब.३५ नं. गण शैलेश्वरी | श्री खगेन्द्र बहादुर चन्द | |
| १५. | ~~उ.अ.निर्देशक~~ अ.अ. | रा.अ.जि.का. कञ्चनपुर | ~~श्री नरेश बहादुर बम~~ सुभाष शर्मा पोख्रेल | |
| १६. | सेनानी | श्रीदल गुल्म, भगतपुर व्यारेक | श्री राजिव जंग ठकुरी | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

| | | | |
|---|---|---|---|
| १७. | का.प्रमुख | डिभिजन वन कार्यालय | श्री भीम प्रसाद कंडेल |
| १८. प्रि.आ. निर्देशक | | महाकाली सिंचाई आ.तेस्रो चरण | श्री लेखनाथ सुबेदी |
| १९. | आयोजना प्रमुख | संघीय खानेपानी तथा ढल व्य. | श्री देवेन्द्र कुमार झा (आ.प्र) |
| २०. | नि.का.प्र. | शिक्षा विकास तथा समन्वय इकाई | श्री राजेन्द्र प्रसाद भट्ट |
| २१. | प्र.प्र.अ. | भीमदत्त नगरपालिका कञ्चनपुर | श्री महेश बहादुर बम |
| २२. | जि.स.अधिकारी | जिल्ला समन्वय समिति कञ्चनपुर | श्री नरेन्द्र बहादुर पाल |
| २३. | प्रतिनिधि | नेपाली काँग्रेस | श्री [illegible] |
| २४. | प्रतिनिधि | ने.क.पा. एमाले | श्री [illegible] राज अवस्थी<br>रामचन्द्र रेग्मी |
| २५. | प्रतिनिधि | ने.क.पा. माओबादी केन्द्र | श्री [illegible] |
| २६. | प्रतिनिधि | राष्ट्रिय स्वतन्त्र पार्टी | श्री अम्बादत्त जोशी |
| २७. | प्रतिनिधि | राष्ट्रिय प्रजातन्त्र पार्टी | श्री लक्ष्मी मल्ल |
| २८. | प्रतिनिधि | ने.क.पा. ए. समाजवादी | श्री [illegible] |
| २९. | अध्यक्ष | राष्ट्रिय जनमोर्चा पार्टी | श्री |
| ३०. | नि.व.सं.अ. | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज का. | श्री प्रमोद कुमार यादव |
| ३१. | इन्जिनियर | महाकाली सिँचाई व्य.कार्यालय | श्री सालिक भुषाल |
| ३२. | नि.मे.सु. | महाकाली प्रदेशिक अस्पताल | श्री शान्त प्रसाद जोशी |
| ३३. | ~~औ.नि.~~ का. प्र. | स्वास्थ्य कार्यालय, कञ्चनपुर | श्री ओम प्रकाश जोशी |
| ३४. | इन्जिनियर | जनताको तटबन्ध फिल्ड का. | श्री करुणाकर पन्त |
| ३५. | इन्जिनियर | पूर्वाधार विकास कार्यालय | श्री योगेन्द्र बहादुर अधिकारी |
| ३६. | डिभिजन प्रमुख | सडक डिभिजन महेन्द्रनगर, | श्री हरि प्रसाद सुवेदी |

| | | | | |
|---|---|---|---|---|
| ३७. | इन्जिनियर | महाकाली पुल आयोजना | श्री कपिल प्रसाद पन्त | |
| ३८. | इन्जिनियर | जलस्रोत तथा सिँचाई विकास | श्री खेमराज रेग्मी | |
| ३९. | नि.कृ.प्र.अधिकृत | कृषि ज्ञान केन्द्र कञ्चनपुर | श्री हरिदत्त जोशी | |
| ४०. | का.अधिकृत | नेपाल रेडक्रस सोसाईटी | श्री विनायक पौडेल | |
| ४१. | अध्यक्ष | पत्रकार महासंघ कञ्चनपुर | श्री माधव सिंह धामी | |
| ४२. | अध्यक्ष | गै.स.स. महासंघ | श्री लक्ष्मी बोहरा | |
| ४३. | प्रतिनिधि | कञ्चनपुर उद्योग वाणिज्य संघ | श्री धर्म सिंह रावल | |
| ४४. | अध्यक्ष | संजिवनी नेपाल | श्री नितु भट्ट | |
| ४५. | का. ~~संयोजक~~ अ. | NNSWA | ~~श्री राज कुमार सुनार~~ | |
| ४६. | का.संयोजक | निड्स नेपाल, कञ्चनपुर | श्री इश्वर उपाध्याय | |
| ४७. | प्र.अ. | जिल्ला प्रशासन कार्यालय | श्री उद्धव सिंह कार्की | |

**आमन्त्रित**

| सि.नं | पद | कार्यालय | नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | प्र.प्र.अधिकृत | बेदकोट नगरपालिका, कञ्चनपुर | श्री पदमराज भट्ट | |
| २. | प्र.प्र.अधिकृत | कृष्णपुर नगरपालिका, कञ्चनपुर | श्री खगेन्द्र प्रसाद भट्ट | |
| ३. | प्र.प्र.अधिकृत | शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर | श्री खेमराज विष्ट | |
| ४. | प्र.प्र.अधिकृत | पुनर्वास नगरपालिका, कञ्चनपुर | श्री लक्ष्मी दत्त भट्ट | |
| ५. | प्र.प्र.अधिकृत | दोधारा चाँदनी नगरपालिका, | श्री गणेश दत्त मिश्र | |
| ६. | प्र.प्र.अधिकृत | बेलौरी नगरपालिका,कञ्चनपुर | श्री तारादत्त अवस्थी | |
| ७. | प्र.प्र.अधिकृत | बेलडाँडी गाउँपालिका, कञ्चनपुर | श्री | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

| | | | | |
|---|---|---|---|---|
| ८. | का. अधिकृत | NNSWA | श्री प्रभुनिधि पन्त | |
| ९. | का. अधिकृत | निड्स नेपाल | श्री गणेश भुल | [signature] |
| १०. | अध्यक्षा | WHR Kanchanpur | जानकी देवी जोशी | Joshi |
| ११. | प्रशासन अधिकृत | लालझाडी गा.पा. | हेमराज उपाध्याय | [signature] |
| १२. | विपद सम्पर्क व्यक्ति | पुनर्वास न.पा. | ओमनाथ ढकाल | [signature] |
| १३. | मनोज प्रसाद भट्ट | विपद सम्पर्क व्यक्ति | | [signature] |
| १४. | ओम प्रकाश जोशी | बे.न.स्वा.अ. स्वास्थ्य कार्यालय | | [signature] |
| १५ | पवन बे-ठकुल्ले | विपद सम्पर्क व्यक्ति | बेदकोट न.पा. | [signature] |
| १६ | शिला रैका | संजिवनी नेपाल | स्टाफ | [signature] |
| १6 | सचिव | नेपाल पत्रकार महासंघ | राजेन्द्र अवस्थी | [signature] |

मिति २०८१।०४।०४

कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट तयार भएको हालसम्मको विपद बाढी जोखिम ब्यवस्थापन सम्बन्धमा प्रतिकार्य, राहत र पुनर्स्थापना सम्बन्धमा हालसम्मको समग्र अवस्थाको प्रतिवेदन

विपद प्रतिकार्य, राहत र पुनर्स्थापना कार्य प्रगति

१. मिति २०८१।०३।२२ गते प्र.जि.अ.बाट भारी वर्षाको सम्भावना भएकाले नदी तटीय क्षेत्र र सम्पुर्ण जिल्ला बासीहरुलाई पूर्व सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्नु भएको ।

२. २०८१ साल असार २३ गते राती नै नेपाल प्रहरी, सशस्त्र प्रहीले भीमदत्त न.पा.को वडा नं. १८ सालघारीका डुवान पिडितलाई मदन भण्डारी स्कुल र नजिकको वडा कार्यालयमा पुनस्थापित गराइएको । यसमा स्थानीय वडाका वडा अध्यक्षको समन्वय र सहकार्य रहेको । जिल्लाका बाढी पिडित स्थानका स्थानीय तहका प्रमुखहरुले अभिभावकत्व लिई बाढी पिडितको उद्दार, राहत र पुनस्थापनामा जिल्ला विपद ब्यवस्थापनले परिचालित गरेको विपद प्रतिकार्य टिपसँग समन्वय गरी सहकार्य भएको ।

३. २३ गतेको रातभरको वर्षामा २४ गते विहान १:०० बजे २९ जना व्यक्तिलाई जिल्लाका बाढी डुबान विभिन्न स्थानबाट सुरक्षाकर्मीद्वारा उद्दार गराइएको ।

४. २४ गते विहान ६:०० बजे विपद ब्यवस्थापनका लागि आकस्मिक सुरक्षा बैठक बसेको ।

५. उद्दारका लागि सीपयुक्त २०० जना भन्दा बढी सुरक्षाकर्मीहरु जिल्लाका विभिन्न वाढी डुवान स्थानमा परिचालित भएको ।

६. २४ गते विहान ६:०० बजे पुनर्वास, दोधारा चाँदनी, भीमदत्त नगरपालिका, लालझाडी गा.पा., बेलौरी न.पा. का प्रमुखहरुसँग फोन सम्पर्क भैरहेको ।

७. वेदकोट न.पा.को सुडामा पूर्व पश्चिम राजमार्गको कल्वर्ट कोल्याप्स भएको । तत्काल यातायात सुचारु गर्न सडकको डि.ई.लाई निर्देशन गरिएको । अहिले यातायात सुचारु भएको । कल्बर्ट नभई पक्की पुल बनाउन निर्देशन गरिएको ।

८. बेलडाँडी गाउँपालिकाको वडा नं. ७, इमलिया भन्ने स्थानमा चौधर नदीलाई महाकाली/शारदा नदीको वहावले चौधरको वहाव छेकी बाढीले नहरलाई क्षतविक्षत पारी इमिलियाको बस्ति तीर पसेको । विद्यालय र व्यक्तिका घरहरु जोखिममा परेको । महाकाली सिंचाई आयोजना व्यवस्थापनका आयोजना प्रमुखलाई बाढीको नियन्त्रणका लागि तत्काल व्यवस्थापन गर्न रु. ११ करोडको लागत इष्टिमेट तयार गरी सो अनुसार तत्कालको लागि अस्थाई बाँध बनाई बाढी जोखिमलाई नियन्त्रण गरिएको ।

९. पुनर्वास न.पा.को राताखालीमा निकास नभएको, त्यस्तै सिम्री Low land भएकाले डुवानको सधै समस्याबाट त्रसित ।

१०. दोधारा चाँदनी न.पा.को कुतियाकभर भन्ने भू-भाग जोगबुढा नदी पारी रहेको । तत्काल नदीको दक्षिण पट्टि तटबन्ध नबनाइएमा ४० घर बग्न सक्ने जोखिम रहेको, हाल निर्माण सम्पन्न भएका २ वटा Safe house समेत जोखिममा पर्न सक्ने । नेपालको कुतियाकभर पट्टिको भू-भाग समेत सम्पूर्ण जोगबुढा नदीले बगाएर लग्न

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

सक्ने । तसर्थ सो भू-भागमा तत्काल तटबन्ध निर्माण गरी बस्ती र नेपालको भू-भाग जोगाउन आवश्यक भएको ।

११.दोधारा चाँदनीको सुन्दर बस्तीको दक्षिण किनाराको तटबन्द किनचन ढिक देखि बिचोबिच गरी जोगबुढा नदी पस्न सक्ने । यसमा किनचन ढिक देखि १ कि.मि. जोगबुढा नदीको उत्तरी किनारा पट्टि तटबन्ध निर्माण नगरेमा सम्पूर्ण बस्तीको बिचोबिच गरी जोगबुढा नदी पस्न सक्ने जोखिम रहेको । समयमा नै किनचन ढिक देखि १ कि.मि. पूर्व तर्फ जोगबुढा नदीको उत्तरी किनारा नेपाल पट्टि तटबन्ध निर्माण गर्न अत्यावश्यक भएको ।

१२.भीमदत्त न.पा. ११, १२, १३ महाकाली सिंचाइ आयोजनाको नहरले डुवानमा पारेकाले बारम्बार वडा अध्यक्षहरुबाट गुनासो आएको । यसको समाधान कसरी गर्न सकिएला ? महाकाली सिंचाइ ब्यवस्थापन कार्यालय र महाकाली सिंचाई आयोजना तेस्रो चरणका आयोजना प्रमुखहरुले बजेटको ब्यवस्थाका लागि पहल गरिरहनु भएको । आयोजना प्रमुखहरुले बजेट भए पछि मात्र खर्च गर्ने नभइ समस्या समाधानका लागि थप बजेट ब्यवस्था गर्न निर्देशन भएको ।

१३.२१ गते सबै कार्यालय प्रमुखलाई बोलाई विपदको पूर्व तयारीमा असार, साउन र भदौमा विदा काज नबसी कार्यालयमा रही निरन्तर रुपमा सेवा दिन प्र.जि.अ.बाट निर्देशन भएको ।

— २०८१।०३।२४ गते विहान ६:०० बजे सडकको डि.ई., पूर्वाधारको डि.ई. लाई विपद ब्यवस्थापनमा विशेष सुरक्षा समितिको बैठकमा बोलाई जिल्ला भरी तत्काल १० वटा भन्दा बढी जे.सि.भी., वेदकोटबाट पठाइएको दुईवटा साधन र २०० जना भन्दा बढी सुरक्षाकर्मी परिचालन गरी उद्दार सीप भएका सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेनाको जनशक्ति परिचालन गरिएको ।

१४.राहत, पुनस्थापनका लागि विपद ब्यवस्थापन टिम चौबसै घण्टा खटिएको । पुनर्वास, बेलडाँडी, बेलौरी, दोधारा चाँदनी न.पा.का पुनस्थापित डुवान पिडितलाई प्र.जि.अ. लगायत सुरक्षा समितिका पदाधिकारीबाट व्यक्तिगत रुपमा भेटी निजहरुको खाना, बस्न र स्वास्थ्य सरसफाइको ख्याल गरेको र गर्न लगाइएको ।

— बालबालिका र महिलाको स्वास्थ्य, सरसफाइ र हाइजिन फेक्टरका लागि तत् तत् क्षेत्रमा काम गर्ने गै.स.स.हरुको सहयोग प्राप्त भएको । दोधारा चाँदनी र भीमदत्त नगरका पुनस्थापित डुवान पिडितलाई संघ संस्थाले सरसफाइ र हाइजिन फेक्टरमा समेत सहयोग पुऱ्याएको ।

— राहतका लागि, खान बस्नका लागि स्थानीय सरकार, पुनर्वास, दोधारा चाँदनी न.पा.का मेयरले बन्दोबस्त मिलाउनु भएको । जिल्लाबाट प्र.जि.अ.को समन्वयमा दोधारा चाँदनी न.पा. मा २५ बोरा चामल डुवान पिडितलाई राहत उपलब्ध गराइएको । त्यस्तै पुनर्वास न.पा.मा समेत हिजो मात्र बाढी पिडितको लागि ५० बोरा चामल पठाइएको । यसमा उद्योग बाणिज्य संघ कञ्चनपुरले बाढी पिडितका लागि १०० बोरा चामल र खाजा नास्ताको लागि चाउचाउ, नमकिन लगायत उपलब्ध गराएको । जिल्ला प्रशासन कार्यालयका कर्मचारी र वडा अध्यक्षको रोहवरमा खाद्यान्न र खाजा नास्ताको जिन्सी सामान उपलब्ध गराइएको । निड्स नेपालले भीमदत्त न.पा.का पुनस्थापित व्यक्तिलाई खानाको बन्दोबस्त गरेको ।

— जिल्लाका विभिन्न स्थानमा १४६१ डुवान पिडित परिवारका ५१०० व्यक्ति मध्ये करीब करीब सबै घर फर्किने क्रममा रहेको । दोधारा चाँदनी न.पा. वडा नं. ३ को पटरा खल्लाको विद्यालयमा २७ घर

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

परिवारका ९० जना बाढी पिडित व्यक्तिहरुलाई पुनस्थापित गरिएकोमा हाल आ-आफ्नो घरमा फर्काउने प्रयास भैरहेको । यसका लागि सो नगरपालिकाका नगर प्रमुख बाट सहजीकरण भैरहेको ।

— १०० थान त्रिपाल गृह मन्त्रालय मार्फत प्राप्त भएको र डुवान पिडितको आवश्यकतालाई मध्यनगर गरी दोधारा चाँदनीको मेयर मार्फत वितरणको व्यवस्था मिलाइएको ।

— ढुङ्गा, गिट्टी र बालुवाको नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, सम्बन्धमा विपदको नाममा दुरुपयोग गरी उत्खनन गर्न प्रतिबन्ध गरिएको । चौधर नदी सिरानी भएर बगेको बेलडाँडी गा.पा.को इमिलिया बस्ती जोगाउन नदीको Over stock गिट्टी, बालुवा उत्खनन गर्न अषाढ, श्रावण र भाद्र महिनामा नमिल्ने भएकाले तत्काल विपद जोखिमलाई न्यूनीकरण गर्न सिंचाइ ब्यवस्थापन कार्यालयका आयोजना प्रमुखलाई निर्देशन गरिएको ।

२०८१/०४/०४
नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

## मिति २०८१ साल श्रावण ४ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु

**निर्णय नं. १** आ.व ०८१/०८२ को विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ पारित गर्ने । पारित विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ यस जिल्लाभर मिति २०८१ श्रावण देखी लागु गर्ने ।

**निर्णय नं. २** मिति २०८१।०३।२३ र २४ गतेको भारी बर्षाले जिल्लाका अधिकांश भू-भाग डुवान भएको । धेरै स्थानमा लगाइएको धानवाली, अन्नवाली नष्ट भएको । कतिपयको घर बास, पसल समेत डुवानमा परेको । यस विषम परिस्थितिमा समाधानका लागि सबै विपद् व्यवस्थापन समितिका पदाधिकारी समन्वय र सहकार्यमा रही काम गर्ने ।

**निर्णय नं. ३** जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय कञ्चनपुरबाट प्राप्त ग्याविन जाली २०८१।०३।२३ र २४ गते बाढी डुवानबाट बढी प्रभावित स्थानीय तहहरु क्रमश पुनर्वास नगरपालिका, बेलौरी नगरपालिका, बेलडाँडी गाउँपालिका, दोधारा चाँदनी नगरपालिका, भीमदत्त नगरपालिकाको वडा नं. ११, १२, १३, ९ र १८, वेदकोट नगरपालिकाको सुडा वडा नं. ७, भएकाले बढी बाढी प्रभावित स्थानीय तहहरुलाई मध्यनजर गरी बाढी प्रभावित उक्त स्थानमा तपशिल अनुसारको प्राथमिकतामा ग्याविन जाली वितरण गर्न जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुरले सम्बन्धित स्थानीय तहका कार्यालय प्रमुखहरु (प्र.प्र.अ.) लाई भर्पाई गराई उपलब्ध गराउने ।

| | | |
|---|---|---|
| १. | दोधारा चाँदनी नगरपालिका | १०० थान, |
| २. | पुनर्वास नगरपालिका | ४० थान, |
| ३. | बेलडाँडी गाउँपालिका | ५० थान, |
| ४. | बेलौरी नगरपालिका | ५० थान, |
| ५. | भीमदत्त नगरपालिका | ५० थान, |
| ६. | वेदकोट नगरपालिका | ४० थान, |
| ७. | शुक्लाफाँटा नगरपालिका | ४० थान, |
| ८. | कृष्णपुर नगरपालिका | ४० थान, |
| ९. | लालझाडी गाउँपालिका | ४० थान |
| १०. | भैपरीमा राख्ने | ५० थान, |
| | जम्मा ग्याविन जाली ⟶ | ५०० थान |

**निर्णय नं. ४** मिति २०८१/०३/२३ र २४ गतेको अविरल बर्षाका कारण डुवानमा परी सुरक्षित स्थानमा पुनर्स्थापन गरिएका अधिकांश डुवान पिडितहरु घर फर्किसकेको र दोधारा चाँदनी नगरपालिकाको वडा नं. ३ को पटरा घारीको सार्वजनिक स्कुलमा अझै पनि २७ घरका ९० जना व्यक्तिहरु घर फर्किन नसक्नु भएको । यस विषम परिस्थितीमा पुनर्स्थापित डुवान पिडितलाई खान, बस्नको व्यवस्थाका लागि तत् तत् स्थानीय तहका नगर प्रमुख/गाउँपालिका अध्यक्ष ज्यूहरुबाट अभिभाकत्व लिएर खान, बस्न, लगायत सरसफाइ, हाइजिन फैक्टरमा समेत बन्दोवस्त मिलाउनु भएको र सम्बन्धित स्थानीय तहका वार्ड अध्यक्षहरुले महत्वपूर्ण भूमिका निभाउनु भएको । साथै नीजि क्षेत्रको नेतृत्वदायी संस्था उद्योग वाणिज्य संघ, कञ्चनपुरले खाद्यान्न लगायत खाजा समेतको व्यवस्था गरेको । गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले समेत विपद्मा राहत र

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

हाइजिन फेक्टरको समेत व्यवस्था गरी विपद् पिडितको उद्धार, राहत र पुनर्स्थापनमा अतुलनीय सहयोग र योगदान पुर्याउनु भएकाले स्थानीय तहका उल्लिखित नगर प्रमुख/गाउँपालिका अध्यक्षहरु, गै.स.स.हरु र अ.गै.स.स.हरु, सुरक्षाकर्मी कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिने।

निर्णय नं ५ पुनर्वास नगरपालिका वडा नं. ९ निवासी बर्ष १२ का श्री विसाल वडको मिति २०८१।०२।२३ गतेको हावा हुरीमा परी सक्त घाइते भएकाले उपचारको क्रममा भोलिपल्टै मिति २०८१।०२।२४ गते मृत्यु भएको सम्बन्धित इलाका प्रहरी कार्यालयको प्रहरी प्रतिवेदन, सम्बन्धित स्थानीय तहको सिफारिश र उपचारको क्रममा मृत्यु भएको तथ्य प्रमाण प्राप्त भएकाले सोका आधारमा मृतकका नजिकका हकदारलाई आवश्यक तथ्य प्रमाणका आधारमा रु. दुई लाख राहत रकम उपलब्ध गराउने।

निर्णय नं. ६ २०८१/०३/२३ र २४ गतेको बाढी डुवानबाट दोधारा चादनी नगरपालिकाको कुतियाकभरमा जमिन र वस्ती जोखिममा परेको, सुन्दर बस्तीको बीचोबीच जोगबुढा नदी कटान हुन सक्ने जोखिम भएकाले सो कटान डुवान संरक्षणका लागि तटबन्ध निर्माण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय नं. ७ बेलडाँडी गाउँपालिकाको इमिलिया भन्ने स्थानमा नहर भत्किएर बस्तीमा पसेको र विघौ विघाहा जमिन नष्ट भएकाले नहर पुनः निर्माण र चौधर नदीलाई बाँध तटबन्धन गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने। यसमा महाकाली सिंचाइ व्यवस्थापन कार्यालय, कञ्चनपुर मार्फत पहलकदमी गर्ने।

निर्णय नं. ८ पुनर्वास नगरपालिकाको सिम्री बस्ती Low Land भएकाले दोदा नदीमा तटबन्ध निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने। राताखालीको वस्ती बाढीको समयमा निकास बन्द हुने भएकाले Safe House निर्माण गर्न नेपाली सेना श्रीदल गुल्म, भगतपुर, कञ्चनपुरलाई लेखी पठाउन सम्बन्धित स्थानीय तहले समन्वय गर्ने।

निर्णय नं. ९ भीमदत्त नगरपालिकाको ११, १२ र १३ को बस्तीहरु मनसुन बर्षाको समयमा डुवानमा परी अस्तव्यस्त हुने गरेकाले डुवान कम गर्न/गराउन सम्बन्धित आयोजनाका प्रमुखलाई लेखी पठाउने। साथै सोही नगरपालिकाको वडा नं. ९ नजिक खहरे खोलाबाट बाढी पस्दा ब्रह्मदेव बजार डुवानमा परेकाले बाढी डुवान नियन्त्रणका लागि सम्बन्धित निकायमा लेखी पठाउने। साथै खन्ने खोलाको वडा नं. ३ र ७ को सीमा नजिक सडक तटबन्ध बाँध क्षतविक्षत भई वडा नं. ३ र ७ को बस्तीमा पस्ने जोखिम भएकाले तत्काल उक्त जोखिमलाई न्यूनीकरण गर्न भत्किएको तटबन्ध निर्माण गर्न भीमदत्त नगरपालिका मार्फत सम्बन्धित निकायसँग पहलकदमी गर्न भीमदत्त नगरपालिकालाई अनुरोध गर्ने।

निर्णय नं. १० बाढीको कारण पूर्वपश्चिम राजमार्गको विभिन्न ठाउँहरुमा भएको क्षति र सोले सवारी आवागमनमा पारेको असर न्यूनीकरण गर्न तत्कालिन रुपमा गर्नुपर्ने कार्यहरु सडक डिभिजन कार्यालय, महेन्द्रनगरबाट गर्ने। राजमार्गको सुडा कल्भर्ट लगायत अन्य कल्भर्टहरुमा क्षति पुगेकाले तत्कालिन रुपमा निर्माण भएको डाइभर्सनलाई सुरक्षित गर्दै दीर्घकालिन समाधानको लागि आवश्यक अध्ययन गरी पक्की संरचना निर्माणका लागि सडक डिभिजन महेन्द्रनगरले तत्काल पहलकदमी लिने।

निर्णय नं. ११ लालझाडी गाउँपालिकाबाट धनगढी जोड्ने निर्माणाधिन सडक मर्मत गर्ने, वडा नं. २ झोलुङ्गे पुल माथिको ड्याम मर्मत/निर्माण गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने। साथै खेतवाली

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

संरक्षणको लागि जैविक तटबन्ध निर्माण गर्न लालझाडी गाउँपालिकाबाट सम्बन्धित निकायसँगको समन्वयमा आवश्यक कार्य गर्न अनुरोध गरी पठाउने ।

निर्णय नं. १२ वेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका र कृष्णपुर नगरपालिकामा भौतिक पूर्वाधारहरु क्षतविक्षत भएकाले परियोजना निर्माण गरी तत्काल काम शुरु गर्न, सडक डिभिजन कार्यालय महेन्द्रनगरलाई अनुरोध गर्ने । यसका लागि सम्बन्धित स्थानीय तहहरुले सम्बन्धित सडक डिभिजन कार्यालय, कञ्चनपुरसँग समन्वय गर्ने ।

निर्णय नं. १३ पुनर्वास नगरपालिकाको राताखाली र सिम्रीका वासिन्दाहरुलाई सुरक्षित स्थानमा पुनस्थापित गर्न गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. १४ बेलौरी नगरपालिकाको वडा नं. ८ र १० मा बाढीको कारण पानी जमेर पशुचौपायाहरु मरेका कारण दुर्गन्ध फैलिई जनस्वास्थ्यमा प्रतिकुल असर परेकोले सो सम्बन्धमा सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने । साथै वडा नं. १० मा बाढीले घर बगाउने अवस्था देखिएकोले सोको रोकथामको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. १५ शुक्लाफाँटा नगरपालिका वडा नं. १ अन्तर्गत कलुवापुर बेलौरी सडकमा २ वटा कल्भर्टमा पूर्ण क्षति हुने अवस्था देखिएकोले सो को मर्मतको लागि पूर्वाधार विकास कार्यालयमा लेखी पठाउने । साथै कालागौडी १२ सिमानाको पूलमा बाढीले असर गरेकोले सम्बन्धित प्रदेश र स्थानीय निकायमा अनुरोध गरी पठाउने ।

निर्णय नं. १६ भीमदत्त नगरपालिका वडा नं. ७ स्थित नहरको छेउमा रहेको रुख ढल्ने अवस्थामा रहेको र जनक राज जोशीको घर जोखिममा रहेकोले उक्त रुख तत्काल कटान गर्न डिभिजन वन कार्यालय, कञ्चनपुरलाई जानकारी गराई तुरुन्त समस्या समाधान गर्ने निर्देशन दिने । साथै जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर प्रमुख जिल्ला अधिकारी निवासको परिसरको रुख तत्काल ढल्दा आवतजावत गर्न सर्वसाधारण नागरिकहरुलाई कठिन र जोखिम भएकाले सो ढलापडा रुखलाई तत्काल हटाई लग्न डिभिजन वन कार्यालय, कञ्चनपुरलाई निर्देशन दिने ।

निर्णय नं. १७ महाकाली सिंचाइ आयोजना तेस्रो चरणको पूल नहर तथा संरचनामा क्षति पुगेकोले तुरुन्त मर्मत, सम्भार तथा पूननिर्माण गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

निर्णय नं. १८ महाकाली सिंचाई व्यवस्थापन कार्यालय अन्तर्गतका पहिलो र दोश्रो चरणको मूल तथा शाखा नहर र संरचनामा पुगेको क्षति न्यूनीकरण गर्न प्रारम्भिक लागत अनुमान करीब ३० करोड हुन आएकोले सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

निर्णय नं. १९ लालझाडी गाउँपालिकामा निर्मित १० शैया अस्पताल जोखिममा रहेकोले सोको संरक्षणको लागि तटबन्ध गर्न जनताको तटबन्ध कार्यालय, कञ्चनपुरमा लेखी पठाउने ।

निर्णय नं. २० भीमदत्त नगरपालिका अन्तर्गत गन्दा नाला तथा खहरे खोला सरसफाई गर्न गराउन सम्बन्धित स्थानीय तहलाई लेखी पठाउने ।

निर्णय नं. २१ नदी तटीय क्षेत्रका बसोबासीहरुलाई कानून बमोजिम व्यवस्थापन/पुनर्स्थापित गर्न/गराउन सम्बन्धित स्थानीय तह भीमदत्त नगरपालिकालाई लेखी पठाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

निर्णय नं. २२ लालझाडी गाउँपालिकाको दोदा पूल संरक्षण गर्न तटबन्ध निर्माणको लागि जनताको तटबन्ध कार्यालय, कञ्चनपुरलाई लेखी पठाउने ।

निर्णय नं. २३ बेलडाँडी गाउँपालिका वडा नं. ५ मा महाकाली सिंचाइ अन्तर्गत भत्किएको नहरमा माटो फिलिङ गर्न अत्यधिक मात्रामा माटो आवश्यक पर्ने हुँदा सो को लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग समन्वय गरी गणेश माध्यमिक विद्यालय भुर्षा उत्तरतर्फ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको क्षेत्रबाट माटो उपलब्ध गराउन सहयोग गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

निर्णय नं. २४ मिति २०८१ असार २३ र २४ को अविरल वर्षाको कारण आएको बाढीमा परी यस जिल्लाको निम्नलिखित नगरपालिका/गाउँपालिकाका स्थानीयहरुको मृत्यु भएको ।

**निम्नः**

१. कृष्णपुर नगरपालिका वडा नं. १ पहरिया बस्ने सागर धानुकको छोरा सात महिनाका सोनु धानुक,
२. बेलडाँडी गाउँपालिका वडा नं. ३ बस्ने वर्ष २३ का डम्मर चौधरी,
३. पुनर्वास नगरपालिका वडा नं. ५ नयाँ कटान बस्ने वर्ष १५ का लक्ष्मी बोगटी,
४. पुनर्वास नगरपालिका वडा नं. ५ नयाँ कटान बस्ने वर्ष १५ का सृजना बोगटी,
५. पुनर्वास नगरपालिका वडा नं. ५ नयाँ कटान बस्ने वर्ष १६ का आरती बोगटी,

उल्लिखित व्यक्तिहरुको असामयिक निधन प्रति यस जिल्ला विपद् व्यवस्थापन समितिले गहिरो दुखः व्यक्त गर्दै मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । मृतकका शोक संतप्त परिवार प्रति यस दुखद घडीमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्दछ । उल्लिखित मृतकका परिवारका नजिकका हकदारलाई राहत स्वरुप जनही रु दुई लाख विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

निर्णय नं. २५ प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट राहत कोषमा प्राप्त रकम मध्ये रु १,२६,२७७।- विपद् उद्धार सामाग्री खरिद गर्न VAT बिल सहित भुक्तानी गरिएकाले समर्थन गर्ने ।

निर्णय नं. २६ प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट प्राप्त रकम रु २५,००,०००।– अक्षरुपी रु. पच्चीस लाख मध्ये हालसम्म वितरण भएको र खर्च भएको रकम १२,१७,२६७ कटाउदा बाँकी हुन आउने रकम रु. १२,८२,७३३ मध्ये आवश्यकता अनुसार सो बजेटबाट रु पाँच लाख बराबरको बाढी/डुवान उद्धार र विपद् सामाग्रीहरु खरिद गर्ने ।

निर्णय नं. २७ गत आ.व. २०८०/०८१ को जेठ र असारमा वितरण भएको २२ घर परिवारको रु २,२०,५०० राहत रकम समर्थन गर्ने ।

निर्णय नं. २८ विपद् पीडित उद्धार राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड, २०७७ को दफा ३ को उपदफा (२) को खण्ड (ट) को कानूनी व्यवस्था बमोजिम आ.व. २०८०/०८१ को असार १ गते देखि मसान्तसम्म ऐ.ऐ. तोकिए बमोजिम विविध खर्चको रकम प्र.जि.अ.ले खर्च गर्ने अख्तियारी दिने र चालु आ.व. २०८१-०८२ को श्रावण १ देखि राहत तथा उद्धार कार्य सञ्चालन गर्नुपर्ने अवस्था भएकोले २०८१।०३।२३ र २४ गतेको भारी बर्षा (Cloud Burst) को कारण जिल्लाका सबै ठाउँमा उद्धार र राहतमा निरन्तर खटिइ रहनु पर्ने भएकाले उल्लिखित मापदण्ड २०७७ को दफा ३ को उपदफा (२) को खण्ड (ट) को कानूनी व्यवस्था बमोजिम २०८१।०४।०१ देखि ऐ.ऐ. २०८१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

चैत्र मसान्तसम्म प्रति महिना तोकिएको मासिक रु पाँच हजार रकमको विविध खर्चको रकम खर्च गर्ने अख्तियारी प्रमुख जिल्ला अधिकारीलाई दिने ।

निर्णय नं. २९ जिल्लाभरी बाढी पीडितको क्षति विवरण घरको आंशिक र पूर्ण क्षतिको परिवार पिच्छे छुट्टा छुट्टै प्रहरी प्रतिवेदनको विवरण सम्बन्धित स्थानीय तहबाट जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर मार्फत प्रमाणित मुचुल्का सहितको प्रतिवेदन माग गर्ने । यसमा सम्बन्धित स्थानीय तहहरुले समन्वय गरी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर र मातहतका निकायहरुले स्थलगत मुचुल्का गरी फोटो (छायाँ छवि) समेत प्रमाणित गरी जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा पठाउने । बाली क्षति र अन्य धनमाल क्षतिको सम्बन्धमा तथ्याङ्क विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा पठाउने कार्यविधि तल निर्णय नं. ३० मा तोकिए बमोजिम गर्ने ।

निर्णय नं. ३० वाली क्षति, उद्योग क्षति, अन्न क्षति, कृषि फर्म र कुखुरा फर्म क्षतिको समेत प्रहरी मुचुल्का र वडा सिफारिस समेत माग गरी राहत लिन आउने क्रम बढेकाले यस समस्यालाई मध्यनजर गरी उल्लिखित विवरण अनुसारको परिवार पिच्छे छुट्टा छुट्टै विवरण प्राप्त गरी सम्पूर्ण क्षतिको तथ्याङ्क विवरण तयार गरी आवश्यक क्षतिपूर्तिका लागि नेपाल सरकारमा अनुरोध गर्ने । यसका लागि विवरण र क्षतिको कुल विवरण र खण्डीकृत विवरण समेत सम्बन्धित स्थानीय तह मार्फत जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले एकीकृत रुपमा विवरण तयार पारी Soft copy सहित आजका मितिले सात दिन भित्र जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई उपलब्ध गराई सोको तथ्याङ्क र कुल क्षति मूल्याङ्कन गरी तालुक गृह मन्त्रालय मार्फत क्षतिपूर्तिका लागि राहत रकम उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. ३१ मिति २०८१।०३।२३, २४ र पछिको निरन्तर बर्षाले दोधारा चाँदनी नगरपालिकामा पर्ने जोगबुढा नदी माथिका झोलुङ्गे पुलहरु जोखिममा परेकाले सो जोखिमयुक्त झोलुङ्गे पुलहरुलाई जोखिममुक्त बनाउन पूर्वाधार विकास कार्यालय, कञ्चनपुरलाई आजै लेखी पठाउने । साथै जोगबुढा नदीमा विगत ७७ वर्षको इतिहासमा अहिले पानीको वहाव निकै बढेको र सो नदीको उत्तरी र दक्षिणी किनाराका नेपाली भू-भागका बस्तीहरु बढी जोखिममा परेकाले नदी वारीपारी नेपाली भू-भागमा बसेका नेपाली बस्तीलाई अन्यत्र सुरक्षित स्थानमा स्थानान्तरण गराई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउन अत्यावश्यक देखिएकाले गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

निर्णय नं. ३२ दोधारा चाँदनी नगरपालिकाका जोगबुढा नदीका दक्षिणी र उत्तरी किनाराका दाँयाबाँया पर्ने नेपाली भू-भागहरु जोगबुढा नदीले निरन्तर कटान गरी रहेकाले कुतियाकभर लगायत जोगबुढा पारी पट्टिका नेपालका भू-भागहरु जनुसुकै समयमा पनि जोगबुढा नदीले कटान गरी बगाउन सक्ने जोखिम देखिएकाले सो नदीको उत्तरी र दक्षिणी नदी किनारा पट्टिका नेपालका भू-भाग जोगाउन सुरक्षित तटबन्ध निर्माण गर्न गृह मन्त्रालय मार्फत नेपाल संरकारलाई अनुरोध गर्ने ।–

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

२०८१।०४।०४
नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी
तथा
अध्यक्ष
जिल्ला विपद व्यवस्थापन समिति
कञ्चनपुर

**नारायण प्रसाद सापकोटा**
**प्रमुख जिल्ला अधिकारी**